# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २९ | बुटवल | २०८२ माघ ०९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday January 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## रेशम र देवेन्द्रराजको उम्मेदवारी खारेज



बुटवल । नागरिक उन्मुक्ति पार्टी नेपालका उम्मेदवार रेशम चौधरीको उम्मेदवारी खारेज भएको छ। कैलाली क्षेत्र नम्बर १ बाट नाउपा नेपालका संरक्षक चौधरीको उम्मेदवारी दर्ता भएको थियो ।

'नागरिक उन्मुक्ति पार्टी नेपाल (एकल चुनाव चिन्ह) का उम्मेदवार रेशमलाल चौधरीको उक्त पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम प्रतिनिधिसभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र प्रचलित कानुन बमोजिम कायम रहन सक्ने अवस्थाको नदेखिंदा खारेज गरिदिएको छ। कानुन बमोजिम गर्नु ।'-निर्वाचन अधिकृतले गरेको निर्णयमा उल्लेख छ।

निर्वाचन अधिकृत देवराज भारतीले उम्मेदवारी खारेज गर्ने निर्णयमा मुख्यगरी तीन आधार समातिएको बताए । 'सर्वोच्च अदालतको फैसलाबाट जन्मकैदको सजाय भएको देखियो । जन्मकैदको सजाय भएको व्यक्ति उम्मेदवार बन्न प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनअनुसार अयोग्यताको कारण बन्छ', भारतीले भने-'त्यसबाहेक राजनीतिक दलको सदस्य हुन समेत अयोग्य भएको भनेर यसअघि निर्वाचन आयोगले गरेको निर्णयलाई पनि हामीले आधारका रुपमा लिएका छौं। साथै उहाँले कैद माफी पाएको, तर सजाय उस्तै रहेको देखियो।'

टीकापुर घटनासम्बन्धी मुद्दामा रेशमले सरकारको सिफारिसमा राष्ट्रपतिबाट आममाफी पाएका थिए । तर प्रतिनिधिसभा निर्वाचन ऐनअनुसार जन्मकैद भएका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउँदैनन्।

२०७९ को चुनावमा पनि रेशम बर्दीया क्षेत्र नम्बर २ बाट उम्मेदवार भएका थिए। त्यसबेला उनको उम्मेदवारी खारेज भएको थियो भने उनी त्यसबेला जेलमा थिए। त्यसपछि उनका बुवा लालवीर चौधरी बर्दीया क्षेत्र नम्बर २ मा स्वतन्त्र उम्मेदवार भएका थिए। पछि उनी नागरिक उन्मुक्ति पार्टी प्रवेश गरेका थिए। लालवीर अहिले नाउपा नेपालमा छन्।

यसैगरी नवलपरासी क्षेत्र नम्बर २ मा देखिएको कांग्रेस उम्मेदवारी विवाद टुङ्गिएको छ।

कांग्रेसबाट देवेन्द्रराज कँडेल र भीमबहादुर थापा (भरत)ले टिकट ल्याएपछि उम्मेदवारीको विषयमा विवाद भएको थियो । थापाले मंगलबार जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा पुगेर पहिलो उम्मेदवारी दर्ता गराएका थिए।

थापाभन्दा पछि पुगेका कँडेलको उम्मेदवारीलाई निर्वाचन अधिकृतको कार्यालयले दर्ता नम्बर उल्लेख नगरी क्रमसंख्या मात्र राखेर कायम गरेको थियो।

उम्मेदवारी विवादपछि आयोगले पहिलो दर्ता गर्नेलाई आधिकारिकता दिएपछि थापाको उम्मेदवारी कायम भएको हो । कँडेलको उम्मेदवारीलाई आयोगले रद्द गरिदिएको छ। कँडेल निवर्तमान केन्द्रीय सदस्य एवं पूर्वगृहराज्यमन्त्री समेत हुन्।

निर्वाचन कार्यालयले क्षेत्र नम्बर १ र २ ले उम्मेदवारको नामावली प्रकाशन गरेको छ । ५७ जना उम्मेदवारमध्ये ५५ जनाको मात्र उम्मेदवारी कायम भएको छ।

थापा सुनवल नगरपालिकाका पूर्व मेयर हुन् । कँडेल नेपाली कांग्रेसबाट सातौंपटक उम्मेदवार हुने तयारी गरेका थिए। कँडेल ०७९ को प्रतिनिधिसभा निर्वाचनमा राप्रपाका ध्रुवबहादुर प्रधानसँग पराजित भएका थिए। यसअघि ६ पटकसम्म निर्वाचन लडेका कँडेलले २०५१, २०५६ र २०७४ मा जीत हासिल गरेका थिए। २०६४, २०७० र २०७९ सालको निर्वाचनमा कँडेल पराजित भएका थिए।

# दल बदल्दै चुनाव लड्दै

**लामो समय काम गरेको पार्टीले उम्मेदवार नबनाएपछि र चुनाव नजित्ने स्थिति भएपछि अर्को पार्टी प्रवेश गरी चुनाव लड्ने प्रवृत्ति मौलाएको छ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

हृदयेश त्रिपाठी नेपाली राजनीतिका अनुभवी खेलाडी हुन्। २०४८ देखि नवलपरासीमा चुनाव लड्दै आएका उनको चुनावी यात्रा नेपाल सद्भावना पार्टीबाट सुरु भयो । सद्भावना हुँदै तराई मधेस लोकतान्त्रिक पार्टीबाट चुनाव लडेका उनी २०७४ सालमा सूर्य चिन्ह लिएर चुनाव लडे । २०७९ को चुनावमा आफैं जनता प्रगतिशील पार्टीबाट मैदानमा उत्रिए। अहिले उनी जनता समाजवादी पार्टी (जसपा)बाट उम्मेदवार भई चुनावी मैदानमा खडा भएका छन्।

कपिलवस्तु-२ बाट २०७४ को चुनावमा एमालेको सूर्य चिन्हबाट बृजेशकुमार गुप्ताले जित हात पारे। त्यसपछि उनी घोषित रूपमै एमाले प्रवेश गरी चुनाव लडे । गत चुनावमा झिनो मतान्तरले पराजित भए। २०५६ सालमा राप्रपाबाट चुनाव लड्न थालेका उनी त्यसपछि मधेसी दलबाट चुनाव लडे। तराई मधेस लोकतान्त्रिक पार्टी हुँदै एमाले भएका उनी अहिले नेकपाको तारा चिन्ह लिएर चुनाव लड्दै छन्। टिकट नपाउने स्थिति देखेपछि उनले एमाले परित्याग गरी नेकपा रोजेका हुन्।

त्रिपाठी र गुप्ता मात्रै नभई तराई–मधेसमा दल बदल्दै उम्मेदवार बन्ने होड चलेको छ। एउटा पार्टीमा लामो राजनीति गरेपछि टिकट नपाउने देखि लामो समयदेखि उम्मेदवार हुने अवसर पाएका तर त्यो अवसर खोसिएपछि दल बदल्ने प्रवृत्ति बढ्दै गएको छ।

रूपन्देही–४ मा उम्मेदवार बन्ने ढुक्क प्रमोद यादव कांग्रेसले अर्कैलाई उम्मेदवार बनाएपछि दल फेरेर उम्मेदवार भएका छन् । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसबाट रुपन्देही -४ मा निर्वाचित यादव २०७९ को निर्वाचनमा सोही क्षेत्रबाट लोसपाका सर्वेन्द्रनाथ शुक्लासँग पराजित भएका थिए। अहिले अर्कैलाई अघि सारेपछि उनले कांग्रेस छाडेर एमालेबाट चुनावी मैदानमा छन् । यादवलाई उम्मेदवार बनाउन एमालेले हजरत अलिलाई पक्का गरेको टिकट खोस्यो । जनमतका नेता तथा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह एमाले प्रवेश गरी सप्तरी-२ मा उम्मेदवार बनेका छन्। यो क्षेत्रमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई उनले टक्कर दिँदैछन्।

जनता समाजवादी पार्टीका महासचिव मोहम्मद इस्तियाक राई मनोनयन गर्नु अघि एमाले प्रवेश गरे । अहिले उनी बाँके–२ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार छन्।

मधेसी जनाधिकार फोरम हुँदै लामो समय क्षेत्रीय दलको राजनीति मार्फत चुनाव जित्दै आएका उनले चुनाव जित्नकै लागि एमाले रोजेको बताउने गरेका छन्। बाँके- २ बाट २०६४, २०७४ मा निर्वाचित भएका उनी २०७० को दोस्रो संविधान सभा र २०७९ को प्रतिनिधिसभामा भने पराजित भएका थिए।

चुनाव जित्नकै लागि छिरेका उनको उम्मेदवारीले बाँके एमाले भित्र विवाद चर्केको छ। बाँके–२ मा दलबहादुर सुनारको उम्मेदवार हुने टुंगो लागेको थियो। तर इस्तियाक राईको आगमनपछि एमालेले सुनारको टिकट खोसेको छ।

जीवनको उर्जावान समय नेपाल प्रहरीमा बिताएर कांग्रेस राजनीतिमा होमिएका पूर्व एसएसपी विक्रमसिंह थापा रास्वपाबाट कपिलवस्तु- २ मा उम्मेदवार बनेका छन् । थापा गत प्रदेशसभाको निर्वाचनमा कांग्रेसबाट उम्मेदवार भई झिनो मतान्तरले पराजित भएका थिए।

चुनाव जित्नकै लागि कपिलवस्तु- ३ मा कांग्रेस नेता वीरेन्द्र कानोडिया एमाले प्रवेश गरी उम्मेदवार भएका छन्। कांग्रेसबाट एकल नाम सिफारिश भएका कनोडियाले चुनाव जित्नकै लागि एमाले रोजेको बताएका छन्। 'कांग्रेसमा स्थानीय स्तरमा विवाद छ। यो विवाद साम्य नभएसम्म चुनाव जित्ने अवस्था भएन्, त्यसैले एमाले रोजे, मलाई एमालेले पहिलेदेखि खोजेको थियो।'-उनले भने। कनौडिया लुम्बिनी प्रदेशसभामा कांग्रेसका पूर्वसांसद र तत्कालीन प्रदेश संसदीय दलका नेता पनि थिए। २०७४ मा कपिलवस्तु- ३ को प्रदेशसभा (ख) बाट निर्वाचित उनी २०७९ सालको निर्वाचनमा सोही क्षेत्रबाट राप्रपाका जानकीप्रसाद यादवसँग पराजित भएका थिए।

जसपा नेपालका अर्का नेता तथा पूर्वमन्त्री प्रदीप यादव पनि माघ ४ मा एमाले प्रवेश गरी पर्सा-१ बाट उम्मेदवार भएका छन्। अशोक राई नेतृत्वको जसपाबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा प्रवेश गरेको तीन हप्तामै उनी एमालेमा पुगेका हुन् । राप्रपाको विद्यार्थी राजनीतिबाट उदाएका प्रदीप २०६४ को मधेस आन्दोलनमा तत्कालीन संघीय सामाजवादी फोरम नेपाल पर्सा उपाध्यक्ष र दुई कार्यकाल अध्यक्ष भएका थिए। २०७० को दोस्रो संविधानसभामा पराजित उनी ०७४ र ०७९ को निर्वाचनमा पर्सा-१ बाट निर्वाचित भएका थिए।

नेपाल सद्भावना पार्टीका अनिलकुमार झाले आफ्नो पार्टी कांग्रेसमा विलय गराएर रौतहट-१ बाट उम्मेदवारी दिएका छन् । तराई-मधेस केन्द्रित दल नेपाल सद्भावना पार्टीबाट २०४७ देखि विद्यार्थी राजनीति सुरु गरेका झा पहिलो पटक मूलधारको पार्टीमा प्रवेश गरेका हुन् । कांग्रेसको उम्मेदवार बनेर झाले नेकपाका सह-संयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग प्रतिस्पर्धा गर्दै छन्।

कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनालले राष्ट्रिय स्वतन्त्र पार्टी रोजेर नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)– १ मा उम्मेदवारी दिएपछि कांग्रेसलाई झड्का लागेको छ। यो क्षेत्रमा उद्योगी विनोद चौधरीलाई कांग्रेसले उम्मेदवार बनाएको छ।

नेकपाका धर्मनाथ साह एमाले प्रवेश गरेर सिरहा-४ मा उम्मेदवार भएका छन्। माधव नेपाल नेतृत्वको तत्कालीन एकीकृत समाजवादीका केन्द्रीय उपाध्यक्ष तथा मधेस प्रदेश इञ्चार्जसमेत रहेका साह नेकपामा केन्द्रीय सदस्य थिए। २०७९ को निर्वाचनमा पराजित उनी तत्कालीन एमालेबाट दुईपटक सांसद र एकपटक मन्त्री भएका थिए। जसपाका नेता आत्मराम साहले मंगलबार आम जनता पार्टी प्रवेश गरी बारा-२ मा उम्मेदवारी दिएका छन्। संविधान सभा सदस्य रहिसकेका आत्मराम माघ ६ मा जसपा छाडेर प्रभु साह अध्यक्ष रहेको आजपामा प्रवेश गरेका थिए।

जसपाका नेता डा.वीरेन्द्र महतो जनमत पार्टीमा प्रवेश गरी सिरहा २ बाट उम्मेदवार बनेका छन्। महतो २०७९ सालमा सिरहा-४ बाटै विजयी भएका थिए भने २०६४ र २०७० मा समानुपातिक सांसद थिए।

राजनैतिक विश्लेषक चन्द्रकिशोर पद र सत्ता स्वार्थले दल बदल्ने प्रवृत्ति मौलाएको बताउँछन्। 'राजनीतिमा निष्ठा र इमान्दारिता नासिदै गएपछि जसरी भए पनि चुनाव जित्ने योजना बनाएर दल बदल्ने प्रवृत्ति मौलाएको छ।'-उनले भने।

# स्थानीयलाई लखेट्न खोजेको भन्दै लुम्बिनीमा आन्दोलनको चेतावनी



भैरहवा। स्थानीयलाई लखेट्न खोजेको भन्दै लुम्बिनीवासीले लुम्बिनी विकास कोषविरुद्ध आवाज उठाएका छन् । बिहीबार स्थानीय, पर्यटन व्यवसायी, भिक्षु , ट्याक्सी तथा ई-रिक्सा चालक, माला व्यवसायीलगायतले प्रदेशसभा सदस्य चन्द्रकेश गुप्ताको नेतृत्वमा पत्रकार सम्मेलन गरी विकास कोषबाट स्थानीयलाई बाहिर गर्न खोजेको आरोप लगाए।

उनीहरुले स्थानीयको जनभावना र लुम्बिनी बुझेका पदाधिकारी नियुक्त नहुँदा वर्षौंदेखि पेसा व्यवसाय गर्दै आएका व्यवसायी तथा मजदूरहरु पीडित बनाएको बताउँदै विकास कोषले आफूहरुको आवाज नसुने प्रतिकारमा उत्रिने चेतावनी दिए। पछिल्लो समय विकास कोषले विभिन्न बहानामा जथाभावी ट्याक्सी पार्किङ् र माला बिक्रीलाई व्यवस्थित गर्ने भन्दै लुम्बिनी भित्रबाट अन्यत्र सार्न खोजेको छ। तर, स्थानीयले वर्षौंदेखि आफूहरुलाई कोषले ठाउँ सारेको सार्रै गरेको, व्यवसाय गर्ने वातावरण बनाउन नदिएको बताएका छन्।

पूर्वमन्त्री गुप्ताले स्थानीयलाई उठिबास लगाउने काम शैह्य नहुने जनाए। उनले प्रतिकारमा उत्रिन समेत तयार रहेको चेतावनी दिए । गुप्ताले जनप्रतिनिधिको समेत फोन नउठाई कोषका पदाधिकारीले पर्यटन व्यवसायीदेखि मजदूरसम्मलाई विस्थापित गर्न खोजेको आरोप लगाए । 'स्थानीयको आस्थामाथि चोट पुऱ्याउने काम हामीलाई कुनै पनि हालतमा मान्य हुँदैन', उनले भने-'रोजीरोटी खोसेर, विहार भत्काएर, दुःख दिएर लुम्बिनीको विकास हुँदैन। यसमा विकास कोषले ध्यान देओस्।'

राजकीय बौद्ध विहारका भिक्षु सागर धम्मले धर्मस्वामी महाराज बुद्ध विहार, राजकीय बुद्ध विहार भत्काउन र स्थानीयले वर्षौंदेखि मुण्डन गर्दै आएको स्थल सार्न खोजेको भन्दै रोस प्रकट गरे । उनले माला व्यवसायीलाई बिस्थापित गर्न खोजेको, आध्यत्मिक र धार्मिक गतिविधि नभएको जनाउँदै कोषमा पदाधिकारीको मनपरी चलिरहेको गुनासो गरे । 'पदाधिकारीलाई कुनै मतलब छैन, उनीहरुले मनपरी गरेका छन् । मायादेवी मन्दिर बन्नुभन्दा पहिलाका संरचना भत्काएर के गर्न खोजिएको हो, बुझ्न सकिएको छैन।'-उनले भने।

लुम्बिनी बचाऔं महाअभियानका अध्यक्ष रामविकास चौधरीले विकास कोषले यसअघि आफूहरुसँग गरेको सम्झौता पालना नगरेको जनाए। उनले सम्झौता कार्यान्वयन नभए कडा आन्दोलन गर्ने चेतावनी दिए। 'हामीसँग एउटा सम्झौता गर्ने तर काम अर्कै गर्ने भइरहेको छ', उनले भने-'मनपरी गर्ने तन्त्र कसैलाई छुट छैन।'

ई-रिक्सा व्यवसायी फणीन्द्र शर्माले पेसा गरेर खान पनि नदिएर ट्याक्सी र रिक्सा चालकलाई कोषले दुःख दिएर स्थानीयलाई लखेट्न खोजेको बताए। माला व्यवसायी विनोद प्रधानले विकास कोष स्थापना हुनुभन्दा पहिलेदेखि व्यवसाय गर्दै आएका माला व्यवसायीलाई कोषले ठाउँ सारेर हैरानी दिएको जनाए।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# जिम्मेवारी भुलेका मन्त्री

जेनजी आन्दोलन र विध्वंशपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारको काम भनेको चुनाव गराउने हो । स्वतन्त्र व्यक्ति भएको नागरिक सरकारका रूपमा चिनिन्छ । तर यो सरकारका चार मन्त्रीले धमाधम राजीनामा दिँदै चुनावमा उम्मेदवारी दिएका छन् । चुनावमा उम्मेदवार नहुने व्यक्ति खोजेर मन्त्रिपरिषद् विस्तार गरेको प्रधानमन्त्रीले बताएकी थिइन् । स्वतन्त्र व्यक्ति रहेको सरकार भएकाले आम नागरिकले सरकारप्रति भरोसा र विश्वास गरेका हुन् । तर अहिले धमाधम राजीनामा दिएर उम्मेदवारी दिएपछि सरकारको विश्वसनीयतामा प्रश्न उठेको छ ।

राजनीतिमा नैतिकताको विषय प्रधान हुन्छ । नैतिकता भनेको यस्तो विषय हो, जुन कानुनले दण्डनीय मान्दैन्, तर त्यसको मूल्य चर्को हुन्छ । राजनीति भनेको सबै नीतिको मियो हो । राजनीति सुध्रदा सबै चीज राम्रो हुँदै जान्छ । सबै राम्रो हुनका लागि राजनीति सुध्रदै जानुपर्छ । राजनीति सुध्रनका लागि राजनीति गर्ने र पदीय जिम्मेवारी लिएका व्यक्ति इमान्दार हुनुपर्छ । बोली र व्यवहारमा एकरूपता जति आवश्यक छ, जनताप्रति जवाफदेही र जिम्मेवार हुन उत्तिकै जरूरी छ । बोली एकातिर र व्यवहार अर्कोतिर हुँदा अहिले राजनीतिले बाटो बिराएको छ । पछिल्लो उदाहरण हेरौँ, जेनजी विद्रोह र विध्वंशपछि गठन भएको सरकारका मन्त्रीको बोली र व्यवहारमा फरक देखियो । यो सरकारको काम चुनाव गराउने हो । चुनाव गराउने जिम्मेवारी पाएका मन्त्रीहरु अहिले धमाधम चुनावमा उम्मेदवार भएका छन् । उम्मेदवार बन्ने रूची राख्नेहरुले मन्त्री हुन किन गएको ? यो नैतिक प्रश्न खडा भएको छ । स्वतन्त्र व्यक्ति संलग्न र चुनावमा नउठ्ने व्यक्ति मन्त्री रहेको भनिएको सरकारका चार मन्त्री अहिले चुनावी मैदानमा छन् । भौतिक पूर्वाधार र उर्जा मन्त्री कुलमान घिसिङले काठमाडौं-३ बाट चुनाव लड्दैछन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगधीश खरेलले ललितपुर-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट चुनावमा उम्मेदवारी दिएका छन् । शिक्षामन्त्री महावीर पुनले राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा म्याग्दीबाट उम्मेदवारी दिएका छन् । खेलुकद मन्त्री बब्लु गुप्ताले सिरहा-१ बाट उम्मेदवारी दिएका छन् ।

मन्त्रीहरुले धमाधम राजीनामा दिएर दलको आबद्धतामा चुनावी मैदानमा होमिएपछि कतिपयले यो सरकार पनि कुनै दलको आबद्धता रहेको भन्दै प्रश्न उठाउनु अस्वभाविक होइन् । अहिले सामाजिक सञ्जालमा यी चार मन्त्रीले बुझेको तलबभत्ता फिर्ता गर्नुपर्ने बहस भएको छ । राज्यको राजस्व अनाहकमा खर्च भएको र जिम्मेवारी पूरा नगरेकोले फिर्ता गर्नुपर्ने आवाज किन पनि स्वभाविक हो भने मुलुकमा नैतिकता र जिम्मेवार राजनीतिको विजारोपण गर्न आवशयक छ । उनीहरुले गल्ती स्विकार गर्दै राजस्व फिर्ता गर्दा अरुलाई जिम्मेवार बन्न प्रेरित गर्छ ।

# आगामी चुनाव किन र केका लागि ?



विनबहादुर कुँवर

आम जनताको मुक्तिको मूल बाटो नै विद्रोह हो । तर मूल कुरा विद्रोह किन र केका लागि भन्ने हो । विद्रोह अहिले देशको राष्ट्रियता र स्वाभिमानको लागि हो । आम जनताको गास, बास, कपासको लागि हो । विद्रोह यो वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्यसत्ताविरुद्ध नयाँ जनवाद हुँदै समाजवाद र साम्यवाद प्राप्तिको लागि हो । निर्वाचन बहिष्कार पनि त्यसैको लागि ।

आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि आ-आफ्ना दलीय उम्मेदवारहरुको मनोनयन भइसकेको छ । समानुपातिक उम्मेदवारहरुको मनोनयन पहिले नै भइसकेको थियो । यसकारण अब यो निर्वाचन सम्पन्न होला जस्तो देखिंदैछ । हुन त यसको विपक्षमा कांग्रेस-एमालेलगायतले सर्वोच्च अदालतमा दर्ता गराइएको रिट निवेदनमाथि सामान्य छलफल बहस हुँदैछ । तै पनि यसका लागि समय घर्किंदै छ भने चुनावी माहोल बढ्दो छ । समय नै भए पनि यसमाथि सर्वोच्चले गर्ने नै के र ? एउटा भनाइ छ- आफैँ त महादेव उत्तानो जरा अब कसले देला बर ? ठीक यस्तै स्थिति अहिले सर्वोच्च अदालतको छ । जसले अदालतमा आगो लगाई ध्वस्त पार्‍यो । त्यसैको सरकार अनि त्यसैको विपक्षमा बोल्ने र मुद्दा छिन्ने कसको हिम्मत ? त्यसैले अब पनि यो निर्वाचन हुने कि नहुने मुख्य जिम्मेवारी यो सरकार र सरकार सञ्चालन गर्ने देशी तथा विदेशी शक्ति केन्द्रहरुको हातमा छ ।

अब अर्को प्रश्न र चर्चा छ यो निर्वाचन जित्छ कसले ? उत्तर सहज छ जसको साथमा डाडु पनियो छ- उसैको पेट पहिले भरिन्छ । अहिले देशको राज्य सत्ता जेनजीको साथमा छ । पुलिस, सेना, कर्मचारी सबै जेनजीको । फेरि जेनजी कसको विभिन्न साम्राज्यवादी देशबाट सञ्चालित एनजीओ र आइएनजीओको । फेरि यी सबै कसका ? जसले यी सबैलाई तलब-भत्ता, दाना, पानी दिइरहेको छ उसैको । बारबरा फाउण्डेशन अमेरिकी युथ काउन्सिल, टिओबी अर्थात् तिब्बती ओर्जिनल बल्ड आदि सबैको परिचालन पश्चिममा साम्राज्यवाद भइरहेको सर्वविदितै छ । जुन कुरा पटकपटक जेनजी अगुवाहरु स्वयं आफैँले भन्दै पनि आइरहेका छन् । जेनजी नामाकरण नै तिनीहरुबाट नै भएको हो ।

हरेक राज्य सत्ताको प्रमुख अंग कार्यपालिका, न्यायपालिका र मन्त्रिपरिषद् भनिए पनि खास सुरक्षाको दृष्टिले प्रमुख निकाय सेना नै हो । जब सेना नै देशको शान्ति-सुरक्षाका लागि निस्क्रिय र रमिते बन्छ त्यो बेला राज्यका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्री अनि दल नेताहरुको के लाग्छ ? भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो नेपालका प्रधानमन्त्री केपी ओलीको तत्कालीन अवस्था उदाहरण सर्वविदितै छ । भेनेजुएलाका राष्ट्रपतिमा स्वयं अमेरिकी राष्ट्रपति डोनाड ट्रम्पले स्व. घोषणा गरिसकेका छन् । त्यस्तै नेपालका लागि प्रधानमन्त्री सुशीला कार्की भए जस्तै अब स्व घोषित रुपमा बालेन शाह मैदानमा उत्रिसकेका छन् । त्यसका लागि राज्य सत्ताले साम, दाम, दण्ड, भेद सबै गर्ने निश्चित छ । चुनाव त खाली देखाउने नौटंकी अर्थात् हात्तीका देखाउने दाँत मात्र हो । त्यही भएर देशका सच्चा देशभक्त जनवादी र वामपन्थी शक्तिहरुले यो निर्वाचनको उपयोग वा भाग लिनेतिर होइन, सके सक्रिय बहिष्कार नसके वैचारिक र प्रचारात्मक बहिष्कार अर्थात् नो भोट भन्ने हो ।

अब यो चुनाव कस्तो होला ? यसका लागि कमरेड लेनिनका भनाइतिर लागौं । संसद र संसदीय व्यवस्थाको खिल्ली उठाउँदै त्यतिबेला लेनिनले भनेका थिए- बाहिर खसीको टाउको देखाउने तर भित्रभित्रै कुकुरको मासु बेच्ने ठग बुच्चडको अखडा । ठीक यो त यहाँ पनि देखिएकै छ । सुरु सुरुमा संसदमा पुग्ने जब त्यहाँ गएपछि बाटो हिंड्दै छ पाइला भेट्दै छ भने जस्तै ती पहिलेका ठूलठूला जनपक्षीय माग र नारा बिर्सदै अन्ततः देश र जनविरोधी राष्ट्रघाती र जनघाती गद्दार बन्ने । उदाहरण यी पुराना नेपालका दल नेताहरु जस्तै देउवा, ओली, प्रचण्ड, माधव, बाबुराम बनेका छन् । हिजो १० वर्षे माओवादी जनयुद्धप्रति गद्दारी गरेर यो व्यवस्था र यसको निर्वाचनमा आउँदा प्रचण्ड-बाबुरामले अब १० वर्षमा नेपाल स्वीजरल्याण्ड र सिंगापुर बन्ने भनेका होइनन् र ? उनीहरुले यो भनेको पनि २० वर्ष पूरा भइसक्यो ? खोई नेपाल स्वीजरल्याण्ड र सिंगापुर बनेको ? उल्टो नेपाल अब इथोपिया, अफगानिस्तान, गाजा र युक्रेन बन्दैछ । ब्लक लिष्टमा नाम दर्ज भइसकेको छ । त्यसैले यसप्रकारको यो चुनावी नौटंकीले अब पनि देशलाई बदल्ने होइन झन खाडलामा जाक्ने निश्चित छ ।

नयाँ साधुले धेरै खरानी घस्छ- कारण उसले जनताका अगाडि आफू पक्का साधु भएको नौटंकी गर्नु छ । ठीक यो हाम्रा देशका यी नयाँ पुराना नक्कली दल नेताहरुले पनि देखाउने गरेका छन् । २०१५ सालमा कांग्रेसी नेताहरुले, २०४६ सालपछि नेकपा माले-एमाले र २०६३ सालपछि माओवादीहरुले । अब यी सबैको नक्कली मुकुण्डो उघ्रिसकेको छ । अब यिनीहरुले जति धेरै खरानी घसे पनि सद्धे साधु नभई नक्कली साधु भएको आम जनताले बुझिसके ।

त्यही भएर अहिले यिनीहरुको रुवाबासी भइरहेको छ । कांग्रेसमा देउवा एण्ड उनको कम्पनीको खारेज नै भइसकेको छ । अब हुने यो निर्वाचनपछि त्यस्तै खारेजीमा ओली-प्रचण्ड, माधव र बाबुरामको हुने पालो छ । तै पनि यी सबैको विकल्पमा फेरि नयाँ-नयाँ साँधुहरुले नयाँ नयाँ पहिरन, रुप, रंग लिएर यही निर्वाचनमा आउँदैछन् ।

पहिलेकाले जस्तै चर्का-चर्का नारा र आश्वासन बाँड्दै जनतामा आइरहेका छन् । कोही घण्टी हल्लाउँदै छन् भने कसैले लालटिन आदि हल्याउँदै जनतालाई भ्रम पार्दैछन् । हुन त पुराना भनिनेहरु पनि कोही नेतृत्वको पुस्तान्तरणको नाममा पुनः रुख देखाउँदै छन्, भने कसैले गुट एकीकरणको नाममा तारा चिन्ह देखाउँदै हिडेका छन् । आखिर यी सबैले अहिले जे भन्दै र जे चिन्ह देखाउँदै हिडे पनि यी सबै पनि ठग र नक्कली साँधु नै हुन् । जनताले अहिले तत्काल यिनीहरुलाई नचिने पनि पछि अवश्य चिन्ने छन् । मरेको बुढी बाख्राका जुम्राहरु बाहिरिए जस्तै सबै नेता, कार्यकर्ता र जनताहरु यिनीहरुबाट पनि बाहिरिने छन् ।

यी कसैमा पनि कुनै ठोस विचार-सिद्धान्त अनि राजनीति केही छैन । जता हावा बग्दो त्यतै लहसिने, जे भन्दा र गर्दा भोट पाइन्छ त्यहीं । ताक परे तिवारी नत्र गोतामे । घोर अवसरवादी चरित्र देखाउँदै हिडिरहेका छन् । यी सबै चटकेहरुले यस्तै चरित्र हिजो कांग्रेस-एमाले र माओवादीले देखाउँदै हिडेका थिए । एउटा उदाहरण मलाई झलझली सदा याद भइरहन्छ । २०४८ सालको पहिलो संसदीय निर्वाचन । जसमा तत्कालीन नेकपा एमाले पार्टीले त्यो संसदीय निर्वाचनमा भाग लियो । जस अनुसार अर्घाखाँची जिल्लामा तत्कालीन एमाले नेता मोदनाथ प्रश्रित उम्मेदवार भए । त्यसपछि उनले लिला देखाउँदै हिंड्न थाले । जहाँ जहाँ दलित बस्ती छ त्यहाँ गई जातभात केही छैन सबै बराबर भनी उनीहरुका घरमा बसी खाने बस्ने अनि फेरि जहाँ जहाँ बाहुन-क्षत्रीहरुको बसोबास छ त्यहाँ गई शुद्ध ब्राह्मण जनै धोती फेरेर भान्सा गर्ने चटक देखाउने गरेका थिए । ठीक त्यस्तै चटक अहिले घण्टी पार्टी लगायतले देखाउन थालेका छन् ।

हिजो सहकारी ठग रवि लामिछानेको घण्टी पार्टीले नेपालमा संघीयता आवश्यकता छैन भनी विरोध गर्ने यतिसम्मकि संघ-प्रदेशको निर्वाचनमा त्यतिबेला उम्मेदवार नै नउठाएको घण्टी पार्टीले अहिले फेरि एकाएक संघीयताको कुरा गर्दैछ । यतिसम्मकि संघीयताको विरोध गरी स्थानीय निर्वाचनमा काठमाडौंमा उठेका मेयर बालेन समेतले अहिले मधेसमा गई मधिशे पहिरनमा संघीयता र मधेस स्वतत्तताको पक्षमा चर्को भाषण गरी मधशे जनतालाई ओफ्नो पक्षमा पार्ने दाउमा छन् । छेपाराले रुप रंग बदले जस्तै जहाँ गयो त्यस्तै रुप रंगमा बदलिएर हिंड्ने र भन्ने यस्तो छेपारे राजनीतिसित अहिले नै जनता समयमै होसियार हुनु पर्दछ कि ? नत्र भने आँची पनि गरे थात पनि देखे भने जस्तै पछुताउनु पर्ने हुन सक्छ । जस्तै अहिले कांग्रेस-एमाले र माओवादीसित पछुताउनु परेको छ ।

राजनीतिक विचार-सिद्धान्त र व्यवहारले नयाँ र पुरानो बीच कुनै अन्तर देख्दैन । आधुनिक र क्रान्तिकारी विचार-सिद्धान्त जसले पनि लिन र बोक्न सक्छ । तर अहिले यो देशमा के भाष्य प्रतिवादन गरिएको छ भने सबै बुढापाका बाईबाई आला-काचा जेनजी सबै हाईहाई । वर्गीय समाजमा हरेक विचार-सिद्धान्त र राजनीति पनि वर्गीय नै हुन्छ । तर अहिले वर्गीयतालाई सबैले चटक्कै बिर्सेको स्थिति छ । त्यसमा पनि नयाँ भनिने दलहरुमा त न वर्गीयता छ, न राष्ट्रियता र स्वाभिमानता छ न राजनीतिक गन्तव्य र उद्देश्य नै छ । सुस्ता, महेशपुर, लिपुलेक, कालापानी, लिम्पियाधुरामा भएको भारतीय हस्तक्षेप र विद्रोह खोई, अमेरिकी परियोजना एमसीसी र एसपीपीको विरुद्ध गरेको खोई ? जे पर्ला टर्ला, कुहिरोको काग जस्तै फगत केही तत्कालीन विषयलाई तिलको पहाड बनाएर प्रचार-प्रसार गरी जनतालाई त्यसैमा अलमलाउने मात्र काम भएको छ ।

नयाँ भनिनेहरुले किन वर्गीयताको कुरा गर्दैन, किसान-मजदूर, शोषित पीडितहरुको आवाज खोई ? उल्टो सडकमा बसी साग सब्जी बेच्ने, मकै बेची जीविका चलाउनेहरुमाथि जाइलाग्ने, नदी किनार बस्ने सुकुम्बासीहरुका घर, टहरा भत्काउने, कवाडीहरुलाई उठिबास लगाउनेहरु र हजारौं सहकारी पीडितहरुको करोडौ रकम ठगी गरी मोजमस्तीको राजनीति गर्ने ठगहरु नै सिंहदरबार, सर्वोच्च, अदालत आदि लगायत देशव्यापी आगो लगाउने, लुटपाट गर्नेहरु नै साँच्चै यो देशको शासक बने भने यो देश र जनताको अवस्था र हालत के होला ? समय नै सोचौ र मनन गरौं ।

निश्चय नै नेपाली जनतामाथि वर्षौ त के पुस्तौंदेखि यस्तै शोषण-दमन, अन्याय, अत्याचार हुँदै आएको छ । शाह पछि राणा, राणापछि कांग्रेस-शाह अनि राजा-पञ्चे-मण्डले । पछि अहिले कांग्रेस-एमाले र माओवादी सबैले यस्तै गरे । विद्रोह गर्ने जनताको अधिकार हो । पटक पटक यी सबैको जनताले विद्रोह गर्दै आएका छन् । तर यही विद्रोहको नाममा फेरि त्यस्तै देश र जनघाती तप्काहरुलाई नै समर्थन गर्दै जाँदा ताप्केको माछो भुङ्गामा भने जस्तै गर्न खोज्नु पनि मूर्खता नै हुनेछ । आम जनताको मुक्तिको मूल बाटो नै विद्रोह हो । तर मूल कुरा विद्रोह किन र केका लागि भन्ने हो । विद्रोह अहिले देशको राष्ट्रियता र स्वाभिमानको लागि हो । आम जनताको गास, बास, कपासको लागि हो । विद्रोह यो वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्यसत्ता विरुद्ध नयाँ जनवाद हुँदै समाजवाद र साम्यवाद प्राप्तिको लागि हो । निर्वाचन बहिष्कार पनि त्यसैको लागि ।

# जाडो मौसममा तातो पानी प्रयोग गर्नुपर्ने ११ कारण

जाडो मौसम सुरु भएसँगै हाम्रो दैनिकी, स्वास्थ्य र जीवनशैलीमा धेरै परिवर्तन देखिन्छ । चिसो हावा, कम तापक्रम र सुख्खा मौसमका कारण मानिसको शरीर कमजोर हुन सक्छ ।

यस्तो अवस्थामा तातो पानी (गरम पानी) हाम्रो जीवनको एक अत्यन्तै महत्वपूर्ण हिस्सा बन्छ । तातो पानी केवल नुहाउनका लागि मात्र होइन, स्वास्थ्य संरक्षण, रोग निवारण, सरसफाइ र दैनिक कामकाजका लागि पनि अत्यन्त उपयोगी हुन्छ ।

**१. शरीरलाई चिसोबाट जोगाउन सहयोग**

जाडो मौसममा शरीरको तापक्रम घट्ने सम्भावना हुन्छ । तातो पानी पिउनु वा तातो पानीले नुहाउनु शरीरलाई न्यानो राख्न मद्दत गर्छ ।

यसले रक्तसञ्चारलाई सुधार गर्छ र शरीरका मांसपेशीहरूलाई आराम दिन्छ । बिहान खाली पेट तातो पानी पिउँदा शरीर भित्रबाट न्यानो महसुस हुन्छ ।

**२. पाचन प्रणाली सुधार गर्छ**

तातो पानी पाचन प्रणालीका लागि निकै लाभदायक मानिन्छ । जाडोमा धेरै मानिसलाई कब्जियत, ग्यास, अपचजस्ता समस्या देखिन्छन् ।

तातो पानीले पेटको मांसपेशीलाई सक्रिय बनाउँछ र खाना सजिलै पच्न मद्दत गर्छ । राति सुत्नुअघि वा बिहान तातो पानी पिउनु पाचन स्वास्थ्यका लागि राम्रो हुन्छ ।

**३. रुघाखोकी र जाडोसँग सम्बन्धित रोगबाट बचाउँछ**

जाडो मौसममा रुघाखोकी, ज्वरो, घाँटी दुख्ने, नाक बन्द हुनेजस्ता समस्या धेरै देखिन्छन् । तातो पानी पिउनु वा तातो पानीको बाफ लिनुले नाक र घाँटी सफा गर्छ । यसले कफ पगाल्न मद्दत गर्छ र श्वासप्रश्वासलाई सहज बनाउँछ । तातो पानीमा बेसार, अदुवा वा मह मिसाएर पिउनु अझ बढी फाइदाजनक हुन्छ ।

**४. छालाको स्वास्थ्यमा फाइदा**

जाडोमा छाला सुख्खा, चिरा पर्ने र खस्रो हुने समस्या सामान्य हुन्छ । तातो पानीले नुहाउँदा छालाका रन्ध्र खुल्छन् र फोहोर बाहिर निस्कन्छ । तर अत्यधिक तातो पानी प्रयोग गर्नु हुँदैन, नत्र छालाको प्राकृतिक तेल नष्ट हुन सक्छ । मध्यम तातो पानी छालाका लागि उत्तम हुन्छ ।

**५. मांसपेशी र जोर्नीको दुखाइ कम गर्छ**

जाडो मौसममा विशेष गरी बुढाबुढी र जोर्नी दुख्ने मानिसहरूलाई धेरै समस्या हुन्छ ।




तातो पानीले नुहाउँदा वा तातो पानीले सेक्दा मांसपेशीहरू आराम गर्छन् । रक्तसञ्चार बढ्ने भएकाले दुखाइ कम हुन्छ । गठिया (Arthritis) भएका व्यक्तिका लागि तातो पानी निकै लाभदायक हुन्छ ।

**६. मानसिक शान्ति र तनाव कम गर्न सहयोग**

तातो पानीले नुहाउनु केवल शारीरिक मात्र होइन, मानसिक स्वास्थ्यका लागि पनि उपयोगी हुन्छ । दिनभरको थकान, तनाव र चिन्ता तातो पानीले नुहाउँदा कम हुन्छ । यसले मनलाई शान्त बनाउँछ र राम्रो निद्रामा सहयोग पुर्‍याउँछ ।

**७. सरसफाइ र संक्रमणबाट सुरक्षा**

जाडो मौसममा पनि सरसफाइ उत्तिकै महत्वपूर्ण हुन्छ । तातो पानीले हात, भाँडा, कपडा र घर सफा गर्दा कीटाणु नष्ट हुन्छन् । विशेष गरी बच्चा र वृद्ध व्यक्तिहरूको सरसफाइमा तातो पानीको प्रयोगले संक्रमणको जोखिम कम गर्छ ।

**८. बच्चा र वृद्धका लागि तातो पानीको महत्व**

बच्चा र वृद्धको शरीर चिसो सहन कम सक्षम हुन्छ । जाडोमा तातो पानीले नुहाउनु, तातो पानी पिउनु र तातो पानीले कपडा धुनु उनीहरूको स्वास्थ्यका लागि आवश्यक हुन्छ । नवजात शिशुलाई नुहाउँदा हल्का तातो पानी प्रयोग गर्दा शरीर सुरक्षित रहन्छ ।

**९. महिलाको स्वास्थ्यमा फाइदा**

जाडो मौसममा महिलालाई महिनावारीको समयमा पेट दुख्ने, कम्मर दुख्ने समस्या बढी हुन सक्छ ।

तातो पानी पिउनु वा तातो पानीको सेकले यस्तो दुखाइ कम गर्न मद्दत गर्छ । यसले रक्तसञ्चार सुधार गरी आराम दिन्छ ।

**१०. तातो पानी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा**

तातो पानी जति फाइदाजनक छ, त्यति नै सावधानी पनि आवश्यक छ । अत्यधिक तातो पानीले जलन, छाला डढ्ने र स्वास्थ्य समस्या ल्याउन सक्छ । सधैं मध्यम तापक्रमको पानी प्रयोग गर्नु उचित हुन्छ । विशेष गरी बच्चा र वृद्धका लागि पानीको तापक्रम जाँच गरेर मात्र प्रयोग गर्नुपर्छ ।

**११. जाडो मौसममा तातो पानीको दैनिक प्रयोग**

बिहान खाली पेट तातो पानी पिउने
नुहाउँदा हल्का तातो पानी प्रयोग गर्ने
रुघाखोकी हुँदा तातो पानीको बाफ लिने
चिया, सुप, झोलिलो खानेकुरा तातो पानीसँग सेवन गर्ने
राति सुत्नुअघि तातो पानी पिउने ।

स्वास्थ्य खबरबाट

# जाँचबुझ आयोगको म्याद २० दिन थप गर्ने निर्णय

बुटवल । सरकारले २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद २० दिन थप गरेको छ । बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले सिद्धार्थ राजमार्ग बुटवल-पोखरा सडक खण्ड सुधार आयोजनाको तयारीका लागि एशियाली पूर्वाधार लगानी बैंकबाट उपलब्ध हुने दुई मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गरेको छ । सरकारले गृहमन्त्री ओमप्रकाश अर्याललाई नेपाल सरकारको प्रवक्ता तोकेको छ ।

यसैगरी बैठकले सरकारको प्रवक्तामा गृहमन्त्री ओमप्रकाश अर्याललाई जिम्मेवारी दिएको हो । बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै गृहमन्त्री अर्यालले सरकाको प्रवक्तामा आफूलाई जिम्मेवारी दिइएको जानकारी गराए ।

यसअघिका सरकारको प्रवक्ता रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राजीनामा दिई आगामी निर्वाचनमा भाग लिने जानकारी गराएसँगै सरकारको प्रवक्ता पद रिक्त रहेको थियो ।

# नौ अङ्कले बढ्यो नेप्से



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बिहीबार नौ दशमलव २३ अङ्कले बढेको छ । कारोबारसँगै नेप्से परिसूचक नौ दशमलव २३ अङ्कले बढेर दुई हजार ७१४ दशमलव ६१ को विन्दुमा कायम भएको हो ।

१६२ कम्पनीको शेयर मूल्य बढेको छ । दश कम्पनी स्थिर रहँदा ८८ कम्पनीको शेयर मूल्य घटेको छ । एसवाई प्यानल, श्रीनगर एग्रिटेक र त्रिशुली जलविद्युत् कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कालिका पावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी छ दशमलव २५ प्रतिशतले घटेको छ ।

बैंकिङ समूह शून्य दशमलव ३१ र व्यापार समूह एक दशमलव १५ प्रतिशत घटेको छ भने बाँकी सबै समूहका उपसूचक बढेको छ । सबैभन्दा बढी फाइनान्स समूह दुई दशमलव ३८ प्रतिशत बढेको हो ।

### स्थानीयलाई...

उनले लुम्बिनी विकास कोष भएको अनभूति नभएको बताए । कोषको सकारात्मक सोंच नै नभएको उनको भनाइ छ । पर्यटक गाइड राजले मायादेवी मन्दिरको आध्यामिकता नभएको बताए । कोषकै कारण आध्यत्मिकता नै हराउँदै गएको उनको चिन्ता छ ।

पर्यटन व्यवसायी कृष्णबहादुर गुरुङले लुम्बिनीका नाममा विकास कोषका पदाधिकारी र कर्मचारीले पैसा कमाउन चलखेल गरिरहेको आरोप लगाए । उनले लुम्बिनी प्रवर्द्धनका कार्यक्रम नहुँदा पर्यटन क्षेत्र धरासायी भएको जनाउँदै कोषले लुम्बिनीबारे राम्रो सोंच नै राख्न नसकेको जनाए ।

लुम्बिनी भित्र व्यवसाय गर्दै आएका माला व्यवसायी, ट्याक्सी पार्किङ, मुण्डनस्थललगायतका विषयमा लामो समयदेखि कोषसँग स्थानीयको विवाद हुँदै आएको छ । कोषले व्यवसाय र पार्किङ्स्थल सार्दै आइरहेको छ भने स्थानीयले आफूहरुलाई बेवास्ता गरेर पर्यटक नआउने ठाउँमा सार्ने गरिएको गुनासो गर्दै आएका छन् । कोषले भने लुम्बिनी भित्रको शान्ति कायम गर्न व्यवसायी र पार्किङ्स्थल व्यवस्थापन गर्न लागेको जनाएको छ । हाल चार नम्बर गेटको भित्रपट्टी व्यवसायीले माला व्यवसाय र ट्याक्सी चालकले पार्किङ गर्दै आएका छन् ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०८।१२ गते बुटव ट्राफिकचोकदेखि गोलपार्क जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नामः** स्वीकृति शर्मा
**ठेगानाः** बुटवल, रुपन्देही
